# नेपाल गजेट
## भाग ४

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७] काठमाडौं भाद्र २४ गते २०१४ साल [ संख्या २२

### गृहमन्त्रालयको सूचना

अचल सम्पत्ति अधिग्रहण ऐन २०१३ को दफा ६ ले दिएको अधिकार प्रयोग गरी सरकारले निम्नलिखित सूचना जारी गरेको छ ।

सरकारले अचल सम्पत्ति अधिग्रहण गर्नु पर्ने भनी लेखी पठाएमा काठमाडौं उपत्यकाभित्र उक्त ऐनअनुसार सरकारबाट गर्नु पर्ने कारवाईसम्म गर्नेको निमित्त सरकारले उपत्यकाञ्चल कमिश्नरलाई अधिकार दिएको छ ।

सरकारको आज्ञाले-
माणिकलाल,
का. मु. सेक्रेटरी—गृहमन्त्रालय·

### गृहमन्त्रालयको सूचना

राष्ट्र-सेवकहरूको "भ्रष्टाचार निवारण" ऐन ०१३ का दफा २१ मुताविक रहने विशेष न्यायाधीशमा २ वर्षका निमित्त सदर अमिनी गोश्वाराका सु· कृष्ण प्रसाद थापालाई सरकारका निर्णयमुताबिक सरुवा बढुवा हुनुभएको छ ।

सरकारको आदेशबमोजिम
माणिकलाल,
का· मु· सेक्रेटरी-गृहमन्त्रालय·



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।